इलाम नगरपालिका, नगर कार्यापालिकाको कार्यालय इलामको
मिति २०७९।७।१८ को सूचना

इलाम नगरपालिकाको मिति २०७९।७।४ को निर्णयानुसार नगरपालिकाद्धारा संचालन हुँदै आएको खानेपानीको पुरानो लाइनका धारा बन्द गरि इलाम बजार शहरी खानेपानी आयोजनाद्धारा वितरित नयाँ धारा संचालन भएको क्षेत्रमा पुराना लाइनको धाराहरुको लगत कट्टा नभए सम्मको अवधीको खानेपानी शुल्क २०७९ साल भाद्र महिनामा रिडिङ्ग भएको दरमा असुल हुने व्यहोरा सम्बन्धित सबैलाइ जानकारीको लागि अनुरोध छ । र हाल परीक्षणको रुपमा संचालनमा ल्याइएको नयाँ धाराको लाईन पूर्ण रुपमा सूचारु भएको भनि इलाम बजार शहरी खानेपानी आयोजनाबाट लेखि आए पछि नयाँ लाईन पूर्णरुपमा सूचारु भएका क्षेत्रका उपभोक्ताहरुलाई पुरानो धाराको लगतकट्टा गर्नका लागि नगरपालिकाले सूचना जारी गर्नेछ । र पुरानो धाराको लगतकट्टा गर्दाका समयमा नै नयाँ धाराको मिटरमा भएको अंकको फोटो खिचि अभिलेख राखिने छ । नयाँ धाराको सोही अंकलाई शुरु मिटर अंक मानेर आगामी दिनमा नयाँ धाराको महशुल असुल गरिने छ । साथै सबै भन्दा पहिला नयाँ धारा जडान बापतको रकम जम्मा गरिसकेका उपभोक्तालाई रकम जम्मा गरेको मिति बमोजिम प्राथमिकताको आधारमा कमश : धारा जडान गरिने व्यहोरा समेत जानकारीको लागि अनुरोध छ ।

इलाम नगरपालिका
नगरकार्यापालिकाको कार्यालय इलाम ।

गणेश कुमार खड्का
प्रमुख प्रशासकीय अधिकृत